# टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७

साँफेबगर नगरपालिका

अछाम

# टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७

<u>प्रस्तावना:</u> स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक,सामाजिक,साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

"साफेबगर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४" बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यो कार्यविधिको नाम "साँफेबगर नगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले साँफेबगर नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ख) "टोल विकास संस्था" भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका प्रतिनिधिहरुको उपस्थितिमा विकास निर्माण, सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई वडा कार्यालयमा सूचीकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु समेतलाई सम्झनु पर्छ ।

(घ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले साँफेबगर नगरपालिकाको वडालाई सम्झनु पर्छ।

(च) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले संस्थाको कार्यसमिति सम्झनु पर्छ ।

(ज) "साधारणसभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।

(झ) "संस्था" भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्छ ।

<u>परिच्छेद- २</u>

## संस्थाको गठन तथा सूचीकृत सम्बन्धी व्यवस्था

३. <u>संस्थाको गठन</u> : (१) साँफेबगर नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका वासिन्दाको आमभेलाबाट टोल तथा बस्ती भित्रका घरधुरी समावेश हुने गरी टोल विकास संस्थाको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने संस्थाको कार्यसमितिमा ७ देखि ११ देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन :-

(क) अध्यक्ष एक जना

(ख) उपाध्यक्ष एक जना

(ग) कोषाध्यक्ष एक जना

(घ) सचिव एक जना

(ङ) सदस्यहरु (तीन देखि सात जना सम्म)

(३) उपदफा (२) बमोजिम संस्था गठन गर्दा टोल तथा बस्ती भित्रका एक घरधुरीबाट एकजना भन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा साधारण सभा वा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ ।

तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन।

(४) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितिको पुनर्गठन हुनेछ ।

(५) कार्य समितिको कार्यावधि गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(६) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।

(७) कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(८) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्नेछ ।

(९) उपदफा ८ बमोजिम सवै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ७५ प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नुपर्ने छ।

(१०) यस कार्यविधि बमोजिम गठन गरिने संस्थाको कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(११) संस्थाको कार्यक्षेत्र साधारण सभाले तोकेको चारकिल्ला भित्र हुनेछ। साधारण सभाले टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती

उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउनेछ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका कम्तिमा ३० वटा र बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ। एउटा घरधुरी एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन।

४. <u>कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्था:</u> (१) दफा ३ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।

(ग) मृत्यु भएमा।

(घ) लगातार ३ वटा बैठकमा अनुपस्थित रहेमा।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ। अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ।सदस्यको हकमा साधारण सदस्यबाट मनोनित गर्न सकिनेछ ।

५. <u>संस्था सूचीकृत</u> : संस्थाको सूचीकृत देहाय बमोजिम हुनेछ:-

(क) संस्थाको आमभेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची २ बमोजिमको ढाँचामा संस्था सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ग) दफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुन पेश गर्न निर्देशन दिन सक्नेछ।

(घ) वडा कार्यालयले यस दफा बमोजिम संस्था सूचीकृत गरेको विवरण कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-३

## संस्थाको काम कर्तव्य,अधिकारहरु

६. <u>टोल विकास संस्थाका कार्यहरु</u> : टोल विकास संस्थाका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने ।

**९. पदपूर्ति समितिको गठन :**

क) नगरपालिकामा नगर प्रहरी समूहमा खुल्ला प्रतिष्पर्धात्मक प्रतियोगिता द्वारा प्रहरी प्रमुख तथा प्रहरी जवान नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिश गर्न देहाय बमोजिमको पदपूर्ति समिति गठन गर्न सकिनेछ ।

१. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - संयोजक

२. ईलाका प्रहरी कार्यालय साँफेबगर प्रमुख (नगर प्रहरी प्रमुखको हकमा ) - सदस्य

३. नगर प्रमुखले तोकेको एक जना कार्यपालिका सदस्य - सदस्य

४. नगर प्रहरी प्रमुख (प्रहरी जवानको हकमा ) - सदस्य

**१०. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :**

क) पद पूर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. नगर प्रहरी प्रमुख र प्रहरी जवानको छनौट परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने

२. पदपूर्ति कार्यतालिका बनाउने,

३. बिषय बिज्ञ तोक्न सक्ने,

४. परीक्षाको किसिम तोक्ने,

५. माग भई आए बमोजिम पदपूर्तिको लागि विज्ञापन प्रकाशन गर्ने गराउने,

६. परिक्षा संचालन गर्ने र नतिजा प्रकाशन गर्ने र

७. नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्ने

ख) पदपूर्ति समितिको काम कर्तव्य र अधिकार सम्बन्धमा अन्य व्यवस्था गर्नुपर्ने आईपरेमा कार्यपालिकाको निर्णयानुसार बाधा अड्काउ फुकाउन सकिनेछ ।

**११. विज्ञापन प्रकाशन :**

क) पदपूर्ति समितिले पदपूर्तिका लागि विज्ञापन गर्दा स्थानीय पत्र पत्रिका तथा एफ.एम लगायत अन्य संचार माध्यमबाट देहाय बमोजिमको विवरण खुलाई १५ दिनको दरखास्त दिन सक्ने अवधी तोकी विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

१) पदको नाम

२) आवश्यक संख्या (महिला पुरुष छुट्टाछुट्टै सहित )

३) दरखास्त दिने म्याद र स्थान

४) दरखास्त दस्तुर

५) आवश्यक न्युनतम शैक्षिक योग्यता

६) पेश गर्नुपर्ने आवश्यक प्रमाणहरु

७) सम्पर्क मिति र स्थान

८) परीक्षाको किसिम

९) अन्य सर्तहरु

झ) कार्यालयको अत्यन्त जरुरि पत्र बुझाउने कामम‍ा सहयोग गर्ने ।

ञ) बिना ईजाजत जथाभावी बसोबास गर्ने, टहरा, छाप्रा आदि आदेशानुसार हटाउने कार्यमा सहयोग गर्ने ।

ट) आफु खटिएको कार्यालयको निर्देशानुसार अन्य कार्यहरु गर्ने ।

ठ) मेला, जात्रा, पर्व संचालन हुने स्थानमा सम्बन्धित क्षेत्रको टोल विकास संस्था र वडा कार्यालय संग सहकार्य गरि शान्ति सुरक्षा कायम गर्न सहयोग गर्ने ।

## परिच्छेद ५

## विदा तथा पारिश्रमिक सम्बन्धी व्यवस्था

**१९. विदा सम्बन्धी व्यवस्था :**

१. नगर प्रहरीले नेपाल सरकार र प्रदेश सरकारले तोकेको सार्वजनिक विदा वाहेक देहाय बमोजिमको थप विदा पाउन सक्नेछन ।

क) घर विदा बार्षिक १२ दिन

ख) बिरामी विदा बार्षिक ६ दिन

ग) भैपरी आउने विदा बार्षिक ६ दिन

घ) पुरुष कर्मचारीको हकमा कार्यकाल भरि २ पटक सम्म प्रत्येक पटक १५ दिनको दरले सुत्केरी स्याहार बिदा

ङ) महिला कर्मचारीको हकमा कार्यकाल भरि जम्मा २ पटक सम्म प्रत्येक पटक ६० दिनको दरले सुत्केरी विदा

च) क्रिया बिदा १५ दिन

२. उपदफा १ बमोजिमको बिदा बाहेक अन्य किसिमको कुनै विदा दिईने छैन ।

३. उपदफा १ मा उल्लेख भए अनुसारको विदाहरु अर्को बर्षको लागि संचित गर्न पाईने छैन ।

**२०. पारिश्रमिक सम्बन्धी व्यवस्था** : नगर प्रहरीको पारिश्रमिक तथा अन्य सेवा सुविधा नगर कार्यपालिकाको निर्णयानुसार स्रोत सुनिश्चित गरि निर्धारण गरिनेछ ।

## परिच्छेद ६

## विविध

**२१. पोशाक:**

१. नगर प्रहरीको पोशाक रंग तथा प्रकार नेपालको संविधानको प्रतिकुल नहुने गरि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२. पोशाक खर्च वापतको लागत रकम नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**२२. जिन्सी सामांग्री :**

१. दफा २१ को उपदफा (१) बाहेकको आवश्यक पर्ने जिन्सी सामांग्री नगर प्रहरी (प्रमुख समेतलाई) उपलब्ध गराईने छ ।

२. नगर प्रहरीले आफुले पाएको जिन्सी सामांग्रीको अधिकतम हिफाजत गर्ने स्वयम् कर्मचारीको जिम्मेवारी हुनेछ ।

२३. **संशोधन सम्बन्धमा :** यो नियमावलीमा गरिएको व्यवस्थाहरु परिमार्जन गर्न मुनासिब देखिएमा साँफेबगर नगरपालिका नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार संशोधन गरि परिमार्जन गर्न सकिनेछ ।

२४. **बचाउ र खारेजी :** संघिय तथा प्रदेश कानुनमा गरिएको व्यवस्था संग बाझिएको हकमा उक्त दफा तथा उपदफा स्वत: रद्द भएको मानिनेछ ।

# अनुसूची ४

( नियम २ को उपनियम ढ बमोजिम )

साँफेबगर नगरपालिकाको नगर प्रहरीमा हुनुपर्ने आचरणहरु :

१. कुनै किसिमको कुलतमा नपरेको
२. सरल, ईमान्दार र सहयोग गर्न तत्पर रहने
३. कुनै प्रकारको आपराधिक गिरोहमा आवद्व नभएको र नरहेको
४. कुनै प्रकारको फौजदारी अभियोग नलागेको
५. काममा खटिएको समयमा कुनै प्रकारको मादक पदार्थ सेवन गर्न नहुने र
६. काममा खटिएको समयमा कोहि व्यक्ति संग झगडा एवम् रिस राग गर्न नहुने

यो आचरणको लिखित स्वः घोषणा दरखास्त फाराम भर्दा संलग्न गर्नु पर्नेछ ।